# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, साउन ७ गते २०५० साल ( अतिरिक्ताङ्क २४

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट देशका विभिन्न भागमा अतिबृष्टिबाट जनधनको क्षति भएकोमा २०५० साल श्रावण ७ गते बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

केही दिनको अविरल वर्षाको कारण देशका विभिन्न भागमा आएको बाढी पहिरोले भइरहेको जनधनको क्षतिबाट हामीलाई दुःख लागेको छ। राजमार्गमा पर्ने पुल र बाटाहरूको नोक्सानीबाट आवागमनमा अवरोध पुग्न गई दैनिक जनजीवनमा कठिनाइ पर्न गएको छ । यस प्राकृतिक प्रकोपबाट प्रभावित सबैमा हाम्रो गहिरो समवेदना र सहानुभूति छ। श्री ५ को सरकारबाट उद्धार कार्य शुरू भइसकेकै छ । यस अवस्थामा सबै नेपालीले धैर्य धारण गरी आ-आफ्नो क्षेत्रबाट उद्धार कार्यमा सहयोग गर्नेछन् भन्ने हामीले विश्वास लिएका छौं ।

जय नेपाल ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

265

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।